# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०१।२० गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०१।२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.सन्तोष साह समेत** (वि.अ. को (मुद्दा.नं. ०७७-CR-००२९), वि.अ. को फैसला मिति २०८०।६।५) | **सरकारी रकम हिनामिना हानी नोक्सानी गरी भ्रष्टाचार गरेको।** | यस मुद्दामा मिति २०७७।०४।२५ गते आरोपित सन्तोष साहबाट बरामद सेतो कागजको टुक्रामा भावना ४१२५०० र चिराग ६५६००० लेखी हिसाब गरिएको चिट (कागजको टुक्रा) सम्बन्धमा नेपाल खानेपानी संस्थान शाखा कार्यालय कृष्णनगरले पाइप लाइन बिस्तार कार्य कृष्णनगर नगरपालिका वडा नं. २ जलमुना र वडा नं. ३ को इदगाह र झन्डी नगर देखि लक्ष्मी नगर सम्मको गरी जम्मा तीन स्थानहरूमा पाइप लाइन बिस्तार गर्ने भनी रु. ४,९९,५७५/८४ को लागत इस्टिमेट तयार गरी बजेट निकासा गराएकोमा भावना निर्माण सेवा बुटवलका सञ्चालक रमेश बेल्बासेसँग सम्पर्क गरी गर्दैं नगरेको कामलाई काम सम्पन्न भइसकेको भनी कोटेसन सहितको भ्याट बिल मागी लिई कामै नगरी निर्माण सम्पन्न भएको झूटा प्रतिवेदन तयार गरी गराई आरोपितहरु सन्तोष साह र राजेन्द्र रैदास समेतले नगद रु. ४,९७,५८७/०३ (चार लाख सन्तानब्बे हजार पाँच सय सतासी रुपैयाँ तीन पैसा) रकम भावना निर्माण सेवा बुटवलका सञ्चालक रमेश बेल्बासेलाई भुक्तानी दिई उक्त रकम मध्य रु. ४,१०,५००/- आरोपित सन्तोष साहको बाबु राम नारायण साहु सुडीको खातामा जम्मा गर्न लगाई सो रकम झिकी बाडीचुडी खाई नेपाल सरकारको सम्पत्ति बदनियत पूर्वक हिनामिना हानी नोक्सानी र आ-आफुलाई गैर कानुनी लाभ हुने कार्य गरेको पुष्टि हुन आएकोले आरोपितहरू मध्य निज राष्ट्र सेवक कर्मचारी इन्जिनियर सन्तोष साह र सिनियर प्लम्बर | **फैसलाः**<br>योजनास्थलमा पाइपलाइन खनेको जस्तो नदेखिएको र पाइप लाइन रहेको भनिएको स्थानमा ठूला ठूला झारहरु रहेको भन्ने आधारमा पाइप लाइन विस्तारको कार्य नभएको भन्ने हचुवा फिल्ड प्रतिवेदन रहेको, खानेपानीको पाइपलाइन विस्तार सम्बन्धी कार्य आ.ब.०७६/०७७ मा नै भएको तथा स्थलगत मुचुल्कामा गलत बेहोरा लेखिएको भन्ने उक्त मुचुल्कामा रोहवरमा बस्ने कमलकान्त लामिछाने, असर्फीलाल तेली समेतको बकपत्र देखिंदा प्रतिवादीहरु उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएकोले प्रतिवादीहरु सन्तोष साह, राम नारायण साहु सुडी, राजेन्द्र रैदास र रमेश वेल्बासेले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ भन्ने मिति २०८०/०५/०६ मा बिशेष अदालतबाट भएको फैसला।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) आ.ब.०७६/०७७ मा खानेपानी कार्यालय कृष्णनगरले कृष्णनगर नगरपालिका बडा नं. २ जलमुना, वडा नं. ३ को इदगाह र झन्डी नगरदेखि लक्ष्मी नगरसम्मको गरी जम्मा तीन स्थानहरूमा ५० एमएमको पाइप लाइन बिस्तार गर्ने भनी रु. ४,९९.५७५/८४ को लागत इस्टिमेट तयार गरी सो कार्य गर्न भावना निर्माण सेवा बुटवलका सञ्चालक रमेश बेल्बासेसँग रु ४,९८,१५२/०३ मा मिति २०७७ । ३ । २५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१।१० मा सम्झौता भएको। सम्झौताबमोजिम काम भएको भनी रु ४,९७,५८७/०३ भावना निर्माण सेवा बुटवलका सञ्चालक रमेश बेल्बासेलाई भुक्तानी दिएको देखिन्छ । कामको सुपरीवेक्षण र निर्माण कार्यको फिल्ड नापजाँच गरी नापी किताब तयार गर्ने कार्य प्रतिवादी राजेन्द्र रैदासले र बिल स्वीकृत र भुक्तानीको कार्य सन्तोष साहले गरेको देखियो।<br><br>ख) भावना निर्माण सेवाबाट कुनै काम नभए तापनि उक्त फर्मबाट कोटेसन सहितको बिल मगाई भुक्तानी गरेको र निजले भ्याटको रकम कटाई बाँकी रकम मेरो बुबाको खातामा राखी दिएका हुन, उक्त रकम सापटी होइन भन्ने समेत बेहोराको सन्तोष साहको अनुसन्धानको ततिम्बा बयान देखिए तापनि यस अदालतमा बयान गर्दा मैले हुँदै नभएको कामको भुक्तानी दिएको होइन, काम सम्पन्न भै पेस भएको नापजाँचको आधारमा मैले भुक्तानी दिएको हुँ भनी कसूरमा इन्कार रही बयान गरेको देखियो।<br><br>ग) जलमुनामा स्थानीय लेबर प्रयोग गरी १०० मिटरको पाइप लाईनको काम भएको मैले आफै देखेको हुँ, अरु सबै काम मैले आफै गराए भनी कार्यालय प्रमुखले भनेपछि विश्वासमा परी कागजात नहेरी दस्तखत गर्न बाध्य भएको हुँ, कार्यालय प्रमुख सन्तोष साहले मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन आफै तयार गरी जबरजस्ती दस्तखत गर्न लगाएका हुन भन्ने | क) प्रस्तुत मुद्दामा खानेपानी संस्थान शाखा कार्यालय कृष्णनगरले पाईप लाइन विस्तार कार्य कृष्णनगर नगरपालिका वार्ड नं. २ जलमुना र वार्ड नं. २ को इदगाह र झण्डीनगर देखि लक्ष्मी नगर सम्मको जम्मा तीन स्थानहरुमा पाईप लाईन विस्तार गर्ने भनी लागत ईष्टिमेत रु. ४९९५७५.८५ लाई स्वीकृत गरी निकासा गराई भावना निर्माण सेवाका संचालक रमेश वेलवासेसँग सो कार्य गराउन सम्झौता गरेको देखाई ठेक्का विल भरी झूठ्ठो कार्य सम्पन्न प्रतिवेदन बनाएर भाबना निर्माण सेवालाई रु.४९७५८५.०३ भूक्तानी दिएको पाईन्छ।<br>सोहि काम देखाई निकालिएको सरकारी रकम मध्येबाट आरोपीत प्रतिवादी एवं कार्यालय प्रमुख ईन्जिनियर सन्तोष साहका बाबु राम नारायण साह सुडीको कृषी बिकास बैक, खाता नं १००५८००४३५५९००१३ मा रु. ४,१०,५००.०० भाबना निर्माण सेवाका संचालक रमेश वेलवासेको आदेश वमोजिम रकम जम्मा गर्न सरस्वती रानालाई नविन पुन (मो.नं.९८४७०६८४३४) र भावना कुमारी साह (९५५७०३८०३२)ले दिएको चेक साटि झिकेको नगद नै भने अनुसार खातामा नगद जम्मा गरी सहयोग समेत गरेको भन्ने प्रतिवादीहरुको वयान साथै टिकाराम रानाको मिति २०७७/५/२८ को ततिम्बा बायानबाट पनि देखिएको।प्रतिवादी संतोष साहको बाबु प्रतिवादी राम नारायण साहु सुडीको कृषि विकास बैङ्कको खाता नं. १००५८००४३५५९००१३ मा In July 2020 ( तदनुसार बि.सं. मिति २०७७/३/३०) मा सरस्वति रानाको नामबाट रु.४१०५००।- रकम जम्मा भएको भन्ने देखिने बैङ्क स्टेटमेण्टबाट पुष्टी भएको। उल्लेखित आधार प्रमाणहरुबाट यस मुद्धामा प्रतिवादीहरु चार जनालाई बिपक्षी कायम गरी सरकारी रकम हिनामिना हानी नोक्सानी गरी भ्रष्ट्राचार गरेको मुख्य दाबी सहित मुद्दा दायर गरिएको।<br><br>ख) प्रस्तुत ३ वटा स्थानमा खानेपानी पाइप विध्याउने कार्य मिति २०७७/१/१० मा शुरु भई मिति २०७७/३/२ मा सम्पन्न भएको भन्ने कागजातमा उल्लेख भएको पाइन्छ। उक्त योजनाको सम्बन्धमा उजुरी परि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७७/६/५ का दिन फिल्डमा कार्य नापजाँच गरी मूचुल्का खडा गरेको।<br>ग) लागत इष्टिमेटको योजना उल्लेखित आ.ब.मा कृष्णनगर न.पा. वार्ड नं. २ जलमुना वार्ड नं. ३ इदगाह र झण्डीनगर देखि लक्ष्मीनगर सम्मको कार्य सम्पन्न भएको छ छैन भन्ने विषय नै प्रस्तुत मुद्दाको सरोकार विषय हो। एक ठाउँको योजना अर्को ठाउँमा गरिनु पर्ने भएमा वा गरिएका लागत अनुमान संशोधन स्थान संशोधन लगायतका यावत कानूनी प्रकृयाहरु सम्पन्न गरेर मात्र गरिन्छ। एक ठाउँको काम अर्को ठाउँमा गरिएको भनेर प्रतिवादीहरुले कही पनि जिकिर लिएको अवस्था छैन। यसरी स्थान परिवर्तन भएको अवस्था पनि नभएको अवस्थामा सोहि तोकिएको ठाउँमै कार्य सम्पन्न नहुने अवस्था भनेको उक्त योजनाहरुको कार्य नै नगरी वनावटी कागज वनाई रकम झिकि सरकारी रकम हिनामिना गरेको भन्ने पुष्टी हुने अवस्था हो। सोहि योजनाको छानविन क्रममा मिति २०७७/६/५ गते खडा भएको सर्जमिन मुचुल्का "आ.व. ०७७६/०७७ मा उक्त खानेपानी पाईप लाइन विस्तार कार्य कृष्णनगर नगरपालिका वार्ड नं. २ जलमुना र वार्ड नं. ३ को इदगाह र झण्डीनगर देखि लक्ष्मी नगर सम्म खानेपानी विस्तार सम्बन्धी कुनै काम भएको होइन,छैन, सो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | राजेन्द्र रैदासले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) एवं सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत भ्रष्टाचारको कसुर भएकोले निज आरोपितहरू इन्जिनियर सन्तोष साह, सिनियर प्लम्बर राजेन्द्र रैदासलाई हानि नोक्सानीको बिगो रु. ४,९७,५८७/०३ (चार लाख सन्तानब्बे हजार पाँच सय सतासी रुपैयाँ तीन पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम जरिबाना र कैद सजाय हुन साथै हिनामिना हानि नोक्सानी भएको रकम रु. ४,९७,५८७/०३ (चार लाख सन्तानब्बे हजार पाँच सय सतासी रुपैयाँ तीन पैसा) सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम निज आरोपित सन्तोष साह र राजेन्द्र रैदासबाट असुल उपर हुन समेत माग दाबी लिइएको व्यहोरा अनुरोध गरिएको छ ।<br>साथै आरोपित मध्य भावना निर्माण सेवाका सञ्चालक रमेश बेल्बासेको हकमा बिचार गर्दा कृष्णनगर नगरपालिका वडा नं. २ जलमुना र वडा नं. ३ को इदगाह र झन्डी नगर देखि लक्ष्मी नगर सम्मको पाइप लाइन बिस्तार गर्ने कार्यको कामनै नभएकोमा झूटा बिल बीजक तयार गरी  नेपाल खानेपानी संस्थान शाखा कार्यालय कृष्णनगरमा पेश गरी रु. रु. ४,९७,५८७/०३ भुक्तानी लिएकोमा सो रकम मध्य रु ४,१०,५००/- सन्तोष साहको बाबु राम नारायण साहु सुडीको खातामा जम्मा गरी नेपाल सरकारको हानी नोक्सानी र आफू समेतलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, | समेत बेहोराको अर्का प्रतिवादी राजेन्द्र रैदासको अनुसन्धानको बयान देखिन्छ । निजले अदालतमा बयान गर्दा बर्खाको समय भएकोले झार उम्रनु स्वभाविक हो, अख्तियारले निर्माण कार्य भएको स्थल भन्दा अर्को ठाउँमा गई स्थलगत मुचुल्का तयार गरेको भन्ने सुनेको हो, उक्त निर्माण कामको लागि पेस भएका कोटेशनहरुको मुल्यांकन गर्दा भावना कन्ट्रक्शन कम्पनी छनौट भई सो कम्पनीसँग निर्माण कार्यको सम्झौता गरी कार्यादिश दिएकोमा म समेतले सुपरीवेक्षण गरी फिल्ड नापजाँच गरी नापी किताब तयार गरी कार्यालयमा पेस गरेको हो, मैले सरकारी रकम हिनामिना हुने काम गरेको छैन । अख्तियारमा मलाइ राजिखुशीले बयान गर्न नदिइ डर त्रास देखाइ झुठ्ठा बयान लेख बाध्य समेत पारिएको अवस्था हो भन्ने बेहोरा उल्लेख गरेको देखियो ।<br>घ) प्रतिवादी रमेश बेल्वासेले खानेपानी संस्थानको बुटवल र बहादुरगञ्जको कुनै काम गरेको जानकारी छैन, सन्तोष साहले काम म आफै गर्छु, भ्याट बिल बनाई दिनु भनेकोले निजले भने बमोजिम भ्याट बिल बनाइ भुक्तानी लिएको हो, भ्याट रकम र अडिट खर्च कटाई बाँकी चार लाख दश हजार पाँच सय रुपैयाँ मैले सरस्वती राना मार्फत सन्तोष साहले भने बमोजिम निजको बाबुको खातामा रकम जम्मा भएको हो भन्ने अनुसन्धानमा बयान गरेको देखिन्छ। मैले नियमानुसार नै कोटेशन दर्ता गरी निर्माण कामको जिम्मेवारी र भुक्तानी लिएको हो, रामनारायण साहु सुडी पुराना चिनजानका मानिस हुँदा निजसँग सापटी लिएको रकम नै निजलाई तिरेको हो, सरकारी रकम हिनामिना हुने कुनै काम गरेको छैन, अख्तियारमा मलाइ राजिखुशीले बयान गर्न नदिइ डर त्रास देखाइ झुठ्ठा बयान लेख बाध्य समेत पारिएको अवस्था हो भन्ने प्रतिवादी रमेश बेल्वासेको अदालतको इन्कारी बयान देखियो।<br>ङ) तीनै जना प्रतिवादीहरूले अनुसन्धानमा डरवासमा पारी बयान गर्न लगाइएको भनी दाबीको कसूरमा इन्कार रही अदालतमा बयान गरेको देखियो । प्रतिवादीहरूले अदालतबाहिर गरेको बयान स्वतन्त्र रूपमा गरेको पुष्टि नभएकोले त्यसलाई प्रमाण ऐनको दफा ९ बमोजिम निर्णायक प्रमाणको रूपमा लिन मिल्ने देखिएन।<br>च) उक्त निर्माण कार्यको सम्बन्धमा अनुसन्धानको क्रममा सुरेश भुसाल समेतले पेस गरेको मिति २०७७।६।७ को स्थलगत प्रतिवेदनमा "निर्माण सम्पन्न भएको भनिएको पाइप लाइन बिस्तार कार्य कृष्णनगर नगरपालिका वडा नं. २ जलमुना र वडा नं. ३ को इदगाह र झण्डी नगरदेखि लक्ष्मी नगरसम्मको "तीन स्थानहरूको स्थलहरूको स्थलगत अनुगमन गर्दा उक्त योजनास्थलमा पाइप लाईन खनेको जस्तो नदेखिएको र पाइप लाइन रहेको भनिएको स्थानमा ठूला ठूला झारहरू रहेको देखिएको " भन्ने र स्थलगत अनुगमनको क्रममा गरिएको सर्जमिन मुचुल्कामा "उक्त स्थानहरूमा खानेपानीको पाइप लाइन विस्तार गर्ने कार्य करीव १ बर्ष अगाडि भएको जस्तो लाग्छ भन्ने समेत बेहोरा उल्लेख भएको देखिन्छ । प्रतिवेदकहरूले प्रतिवेदन बेहोरालाई समर्थन हुने गरी अदालतमा वकपत्र गरेको देखिएता पनि स्थलगत सर्जमिन | स्थानमा १वर्ष अगाडी नै कार्य भएको भन्ने व्यहोरा लेखाई दिएको पाइन्छ। सोहि अनुसन्धानमा खटिएका कर्मचारीले मिति २०७७/६/७ गते पेश गरेको प्रतिवेदनमा उल्लेखित क्षेत्रमा सर्जमिन मुचुल्का गर्दा पाईप लाइन विस्तारको कार्य भएको पाईएन भनी खुलाएको छ भन्ने अदालत सामु आई बकपत्र गरेका,साथै सोहि व्यहोरा समर्थन हुने गरी प्रतिवेदकले बकपत्रमार्फत खुलाई दिएको।<br>घ) मिति २०७७/०६/०५ को सर्जमिन मुचुल्कामा खानेपानी संस्थान कृष्ण नगरपालिकाका लेखापाल कमलकान्त लामिछाने, जनप्रतिनिधि वडा नं. २ का वडा अध्यक्ष नारायण प्रसाद कनौडिया, जनप्रतिनिधि वडा नं. ३ का सदस्य असर्फिलाल तेली समेतको रोहवरमा सत्यतथ्य खुलाई दिएको। तसर्थ केवल कागजी रुपमा ठेक्का, बिल, कार्य सम्पन्न प्रतिवेदन, योजना स्वीकृतका टिप्पणी र भुक्तानी श्रेस्ताका आधारमा अन्यत्रै कार्य सम्पन्न भएकोले भन्ने अप्रमाणीत आधार स्वयं अदालतले नै लिई शंकाको भरमा वादीदावी लिएको पाईदा अभियोग मागदावी नपुग्ने भनि प्रतिवादीहरुलाई सफाई दिई विशेष अदालतबाट भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ९(१),९(२)(क),(९क),१०(१)(क)(ख)र१८ बमोजिमका प्रमाणहरु प्रमाणमा लिई ईन्साफमा पुग्नुपर्नेमा लिनु पर्ने प्रमाण नलिइ/ नलिनु पर्ने प्रमाण लिई भएको फैसला स्पष्टतः त्रुटीपूर्ण एवं वदरयोग्य रहेको।<br>ङ) स्वयं भावना कन्स्ट्रक्सनसँग नजिक भई काम गर्ने सरस्वती रानाले मिति २०७७/६/४ मा यस मुद्दाको आउने रकम रमेश वेलवासेले नीज सरस्वतीको नाउँमा रु. ४१०५००।- चेक काटी सोहि रकम टिकाराम रानाले भने वमोजिम कृषी विकास बैंकको राम नारायणको खातामा जम्मा गरि दिएको भनी खुलाई दिएको। सोही व्यहोरा मिल्ने गरी मिति २०७७/६/४ गते भएको रमेश वेलवासेको स.ज १२ मा वयान कागज व्यहोरा मार्फत अबैध लेनदेन भएको तथ्यको सम्बन्ध स्थापीत (Link) गराई खुलासा समेत गरेको अवस्था छ। त्यस्तो जम्मा भएको रकमको श्रोत र कारण स.ज. १४ मा नीजले थप प्रस्ट गरेका छन्।उक्त खानेपानी योजनामा कुनै कामै नगरेको, केवल भ्याट विल सम्म काटी दिएको तथ्य भावना कन्स्ट्रक्सनका संचालक रमेश वेल्वासे स्वयंले खुलाई दिएको स्थिती छ। यसरी प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको वयानको आधारमा मात्र प्रस्तुत मुद्धा दायर भएको नभै आयोगबाट खटिएको कर्मचारीहरुले मिति २०७७/३/२५ मा सम्पन्न भएको भन्ने कागजात राखी गर्ने पाइप लाइन विस्तारको कार्यमा मिति २०७७/६/७ मा दिएको प्रतिवेदनमा पाइपलाइन रहेको भनिएको स्थानमा ठुला ठुला झारहरु रहेको देखिएको पाइप लाइन खनेको जस्तो नदेखिएको भन्ने उल्लेख भएको पाइन्छ भने प्रतिवेदन साथ प्राप्त पाइप लाइन विस्तार गरिएको भनिएको ठाउँको फोटोहरुबाट समेत उक्त स्थानमा ठुलो ठुलो झार, झाडीहरु रहेको देखिएको अवस्था छ। त्यतिमात्र होइन उक्त आयोजना सम्पन्न भई भुक्तानी दिएको समयमा नै भुक्तानी दिएको रकम मध्ये सामान्य दर कही बाँकी रकम रु. ४१०५००।- प्रतिवादी संतोष साहको बाबु राम नारायण साह सुडीको खातामा मिति २०७७/३/३० का दिन जम्मा भएको देखिनु एक अर्कामा अन्तर सम्बन्धित प्रमाणबाट प्रस्तुत वारदात शंका रहित तवरले पुष्टी भै रहेकोमा यो वा त्यो तर्क उल्लेख गरी प्रतिवादी अदालतमा ईन्कार रहे भन्ने मुख्य आधारहरु लिई प्रतिवादीहरुलाई सफाई दिएको फैसला त्रुटीपूर्ण एवं वदर योग्य छ। यस स्थितीमा अदालतमा आधार प्रमाण र समर्थन गर्ने प्रमाण विना केवल ईन्कारी गरेको वयान तथा सोलाई समर्थन गर्ने प्रतिवादीका साक्षीहरुले गरेका बकपत्रका आधार बनाई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टी हुन आएकोले निज भावना निर्माण सेवाका सञ्चालक रमेश बेल्बासेलाई हानी नोक्सानीको बिगो रु. ४,९७,५८७/०३ (चार लाख सन्तानब्बे हजार पाँच सय सतासी रुपैयाँ तीन पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो रु. ४,९७,५८७/०३ असुल उपर गरी जफत हुन मागदाबी लिइएको।<br>त्यसै गरी आरोपित सन्तोष साहको बाबु राम नारायण साहु सुडीको हकमा निजको छोरा सन्तोष साहले अनियमित तरिकाले प्राप्त गरेको रकम रु. ४,१०,५००/- मिति २०७७।०३।३० गते आफ्नो कृषि विकास बैंकको खातामा जम्मा गरेको सो रकम तत्काल झिकी सरकारी सम्पत्ति हानी नोक्सानी र आफू समेतलाई फाइदा हुने कार्य गरेको र पटक/पटक सम्पर्क राख्न बोलाउँदा आयोग समक्ष उपस्थित नभई फरार रहेको समेत देखिँदा निज राम नारायण साहु सुडीले गरेको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को कसुरको मतियारको कसुर गरेकोले निज राम नारायण साहु सुडीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्याम्समा उल्लेख भए बमोजिम मुख्य कसुरमा सन्तोष साहलाई हुने सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइएको। | मुचुल्कामा बस्ने व्यक्तिहरू अब्दुल सिकन्दर मुसलमान, अकबर मनिहार, जगदिश चौहान, असर्फीलाल तेलीले बेहोरा मैले भने अनुसार लेखेको छैन भनी अदालतमा वकपत्र गरेको देखिन्छ । रोहवरमा बस्ने कमलकान्त लामिछानेले मुचुल्कामा भएको बेहोरा गलत हो, आ.व. ०७५/०७६ मा नै काम भएको ठाँउमा गाँउलेलाई सोधपुछ गरी गाँउलेले भने बमोजिम गलत ठाँउमा चेकजाँच गरी मुचुल्का तयार गरेकाले गलत बेहोरा मुचुल्कामा लेखिएको हो, नेपाल खानेपानी संस्थान कृष्णनगर शाखाद्वारा भावना कन्स्ट्रक्सन मार्फत खानेपानीको पाइप लाइन विस्तार सम्बन्धी कार्य आ.ब. ०७६/०७७ मा नै भएको हो भनी वकपत्र गरेको देखिएको।<br>छ) पाईप बिच्छाएको छ छैन भन्ने कुरा तत्काल खनेर हेरेको भए सो कुरा सत्य के हो भन्ने कुरा पुष्टि हुने थियो । तर अनुसन्धान अधिकारी जहाँ पानीको पाईप बिच्छाएको छ, सो स्थानमा नगई अन्यत्र पानीको पाईप नभएको बाटोको किनारामा पानीको पाईप बिच्छाएको छ छैन भनी गलत मुचुल्का तयार गरेका हुन् भन्ने रमेश बेल्वासेका साक्षी सुदर्शन गौतमको र ३ स्थानमा पाइपलाइन बिच्छाउने काम आर्थिक वर्ष २०७६/७७ को असार मसान्तभित्र सम्पन्न भएको हामीले प्रत्यक्ष देखेको हो भन्ने राजेन्द्र रैदासका साक्षी रामलाल पासीको बकपत्र देखियो।<br>ज) प्राविधिकहरूले प्रतिबेदन आशंकाको भरमा प्रतिवेदन पेस गरेको देखियो । स्थलगत मुचुल्काको रोहवरमा बस्ने व्यक्तिहरूले पनि मुचुल्का बेहोरा गलत हो भनी अदालतमा उपस्थित भइ बकपत्र गरेको देखियो ।<br>झ) प्रस्तुत मुद्दामा पनि हचुवा स्थलगत प्रतिवेदन बेहोरालाई निर्णायक प्रमाण मान्न मिल्ने देखिएन । स्थलगत प्रतिवेदन बेहोरा विपरीत काम भएको भन्ने सर्जमिन मुचुल्काका सबै व्यक्तिहरूको बकपत्र र प्रतिवादीहरूको बयान समेतका आधारमा कामै नगरेको भन्ने प्रतिवेदन र आरोप दावी खण्डित भएको देखियो ।<br>ञ) उल्लेखित कारणबाट हचुवा फिल्ड प्रतिवेदनलाई कसूर ठहर गर्ने मुख्य आधार बनाउन मिल्ने देखिएन। | प्रतिवादीहरुलाई सफाई हुने ठहर्याई गरेको विशेष अदालतको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्नु नहुने प्रमाण बुझिएको कारणले निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुनेछ "भनी स्पष्ट कानूनी व्यवस्था भएको छ।<br>च) सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७४ अंक ९, निर्णय नं ९८८० मा प्रमाण ऐन, २०३१ को दफा ९ मा " पक्षले अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ " भन्ने व्यवस्था रहेको छ । पक्षले बोली वचनद्वारा, लेखेर, ईशाराद्वारा वा आचरणद्वारा पनि कुनै कुरा व्यक्त गरेको हुन सक्तछ । यसरी व्यक्त गरेको कुरा यदि प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) मा व्यवस्थित प्रावधानहरूको प्रतिकूल देखिँदैन भने त्यस्तो कुरालाई प्रमाणमा लिन मिल्ने नै देखिने "भनी नजिर स्थापित भएको र प्रतिवादी सन्तोष साह,रमेश बेल्वासे समेतले अनुसन्धानको क्रममा घुस बापतको रकम राम नारायणको खातामा पैसा जम्मा गरेको स्वीकारी बयान भएको र रकम जम्मा भएको प्रमाण पनि फेला परेको अबस्थामा पनि वादी दाबी नपुग्ने ठहर्याई गरेको उक्त विशेष अदालतको फैसला कायम हुन नसक्ने भई बदर भागी रहेको।<br>छ) त्यसैगरी सम्मानित सर्वोच्च अदालतबाट "दुई विपरीत खालका अभिव्यक्ति मिसिल सामेल रहेकोमा अदालतले स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कथनलाई प्रमाणमा लिनुपर्ने हुन्छ । अधिकारप्राप्त अधिकारी समक्षको साबिती र अदालत समक्षको इन्कारी मध्ये कुनैलाई प्रमाणमा ग्रहण गर्ने भन्ने सन्दर्भमा कुनै कथन अन्य प्रमाणबाट समर्थित हुन्छ भन्ने कुरा नै अदालतले निष्कर्ष निकाल्ने आधार हो । अधिकारप्राप्त अधिकारी समक्ष व्यक्त गरेका कुरा प्रमाण शून्य हुने होइनन् । न त प्रतिवादीहरूको अदालत समक्षको इन्कारी नै अकाट्य प्रमाण मानिने हो। अदालत समक्ष इन्कारी गर्दा अधिकार प्राप्त अधिकारी समक्ष के कुनै कारण र कसरी साबित बनाइयो भन्ने कुराका हकमा व्यक्त गरेको कुरामा अदालतले ध्यान दिनुपर्ने।" भनि वमबहादुर बस्नेत समेत विरुद्ध नेपाल सरकार (ने.का.प. २०७० अंक ६नि.नं. ९०२२) मा सिद्धान्त प्रतिपादन भएको अवस्था छ। प्रस्तुत मुद्धामा प्रतिवादीहरु र बुझिएका मानिसहरुले अनुसन्धानको क्रममा गरेको वयान र घटना विवरण कागजलाई माथी विवोचित आयोगमा कर्मचारीहरुले पेश गरेको फोटो सहितको प्रतिवेदन र प्रतिवादी राम नारायण साहु सुडीको नाममा जम्मा भएको रकम समेतले पुष्टी गरी रहेकोमा अदालतको कोरा इन्कारी बयानलाई आधार लिई प्रत्यार्थी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटीपूर्ण एवं वदर योग्य रहेको।<br>अत : प्रस्तुत मुद्दामा विशेष अदालतको सफाई पाउने भै गरेको फैसला बदर गरी प्रत्यर्थी प्रतिवादीहरुलाई अभियोग मागदावी वमोजिम सबै प्रतिवादीहरुलाई सजाय गरी पाउन मागदाबी रहेको। | |